"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"

# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

**प.सं. ०८०/०८१**

**च.नं.**

**नगर क्षेत्र भित्र रहेका सङ्घ/ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाहरूका लागि**

**अत्यन्त जरुरी सूचना।**

सूर्योदय नगरपालिकाको आ.व. ०८१/८२ को बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा रहेको र नगर क्षेत्र भित्र रहेका सङ्घ/ संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाले नगरपालिकासँगको समन्वयमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(२) बमोजिम आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराएर मात्र सञ्चालन गर्नु/ गराउनु हुन साथै नगरपालिकासँगको साझेदारीमा योजना, कार्यक्रम सञ्चालन गर्न इच्छुक सरोकारवाला निकायहरूले २०८१ ज्येष्ठ मसान्तभित्र आफ्नो वार्षिक योजना, कार्यक्रम तथा वजेटको विवरण सहितको प्रस्ताव अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुहुन जानकारी गराइन्छ। साथै नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा वजेटमा समावेश नगराई कुनै सङ्घ संस्थाले काम गरेमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(३) बमोजिम नगरपालिकाले त्यस्तो कामको कार्यान्वयन गर्न रोक लगाउन सक्ने व्यहोरा समेत यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला गैर सरकारी सङ्घ/ संस्था, उपभोक्ता समिति, सहकारी संस्था, लगायतका सामाजिक तथा सामुदायिक सङ्घ/ संस्थाहरूलाई जानकारी गराइन्छ ।

मिति: २०८१/०२/०९ गते

मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत


सम्पर्क : ०२७ ५४०२१४, ५४०४७३ | Contact : +977 27 540214, 540473
E-mail: info@suryodayamun.gov.np, suryodayamun@gmail.com | Website: www.suryodayamun.gov.np

CamScanner